# स्वामिकार्तिक खापर गाउँपालिकाद्वारा प्रकाशित राजपत्र

**करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५**

**(पहिलो संशोधन :२०७९)**

**खण्डः६ अतिरिक्ताङ्क :१२ २०७९।०४।२९**

## भाग-२

स्वामिकार्तिक खापर गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५

**प्रस्तावनाः** स्वामिकार्तिक खापर गाउँपालिकाले उपलब्ध गराउने सेवा प्रवाह र विकास निर्माणको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन यस गाउँपालिकाको लागि नेपाल सरकारले स्वीकृत गरेको कर्मचारी दरबन्दीको अधिनमा रही प्राविधिक कर्मचारीको रिक्त पदमा करार सम्झौताका आधारमा सेवा करारमा लिने कार्यलाई व्यवस्थित गर्नका लागी यस गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को अधिनमा रही गाउँकार्यपालिकाले मिति २०७५/०२/२३ मा स्वीकृत गरिएको स्वामिकार्तिक खापर गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ लाई परिवर्तित परिस्थिति अनुसार आवश्यक संशोधन गर्न बान्छनिय देखिएकाले मिति २०७९।०३।२३ मा यस गाउँपालिकाको दोस्रो कार्यकालको पहिलो गाउँसभाबाट आबश्यक संसोधन सहित सर्वसम्मतरुपमा पारित गरी सर्वसाधारणको जानकारीको लागी राजपत्रमा प्रकाशन गरिएकोछ ।

**<u>१.पहिलेको व्यवस्थाः</u>** " दफा ४. छनौट सम्बन्धी व्यवस्थाः दफा ३ बमोजिमका प्राविधिक कर्मचारी कार्यालयले करारमा राख्ने प्रयोजनको लागि सूचिकरण तथा छनौट सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(१) प्राविधिक कर्मचारीको अनुसूचि - १ बमोजिम स्वीकृत कार्य विवरण बमोजिम पद वा सेवा क्षेत्र तथा सम्बन्धित सेवा समूहको योग्यता, पारिश्रमिक, सेवा शर्त समेत तोकी सम्बन्धित कार्यालयको

सूचनापाटी, वेभसाईट तथा अन्य कुनै सार्वजनिक स्थलमा अनुसूची - २ बमोजिमको ढाँचामा कम्तीमा १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) आवेदन फारामको नमूना अनुसूची - ३ बमोजिम हुनेछ । आवेदन दस्तुर गाउँपालिकाबाट निर्धारण भए बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम पर्न आएका आवेदनहरु देहायको आधारमा दफा ५ को समितिले मूल्याङ्कन गरी सुचिकृत गर्नुपर्नेछ :

क. शैक्षिक योग्यता वापत - ६० (साठी) अंक, (विशिष्ट श्रेणी वापत ६०, प्रथम श्रेणी वापत ५५, द्बितीय श्रेणी वापत ५०, तृतीय श्रेणी वापत ४५, (त्रिभुवन विश्वविद्यालयको अंक गणनाका आधारमा) ।

ख. कार्य अनुभव वापत - १० (दश) अंक (प्रति वर्ष २ अंकको दरले, प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने) ।

ग. स्थानीय बासिन्दालाई देहाय बमोजिम - १० (दश) अंक

१. सम्बन्धित गाउँपालिका/नगरपालिकाको बासिन्दा भएमा - १० अंक

२. सम्बन्धित जिल्लाको बासिन्दा भएमा - ५ अंक

घ. अन्तवार्तामा अधिकतम २० अंक । यस अनुसार अकं प्रदान गर्दा न्युनतम ८ (आठ) र अधिकतम १४ (चौध) को सीमाभित्र रही प्रदान गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम आवेदन माग गर्दा प्राविधिक कार्य (इन्जिनियरिंग, स्वास्थ्य तथा पशु चिकित्सा लगायतका अन्य क्षेत्र) का लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (लाईसेन्स) प्राप्त गरेका व्यक्तिले मात्र आवेदन दिन सक्नेछन् ।"

__संशोधित व्यवस्था :__ " ४. छनौट सम्बन्धी व्यवस्थाः दफा ३ बमोजिमका प्राविधिक कर्मचारी कार्यालयले करारमा राख्ने प्रयोजनको लागि सूचीकरण तथा छनौट सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(१) प्राविधिक कर्मचारीको अनुसूची-१ बमोजिम स्वीकृत कार्य विवरण बमोजिम पद वा सेवा क्षेत्र तथा सम्बन्धित सेवा समूहको योग्यता, पारिश्रमिक, सेवा शर्त समेत तोकी गाउँपालिकाको सूचनापाटी, वेभसाईट तथा अन्य कुनै सार्वजनिक स्थलमा अनुसूची-२ बमोजिमको ढाँचामा सामान्य अवस्थामा कम्तीमा १५ (पन्ध्र) दिनको र विशेष अबस्थामा कर्मचारी छरितो माध्यामबाट पदपूर्ति गर्नु परेमा ७ दिनको सूचना प्रकाशन गर्न बाधा पर्ने छैन।

(२) आवेदन फारामको नमूना अनुसूची-३ बमोजिम हुनेछ।आवेदन दस्तुर गाउँपालिकाबाट निर्धारण भए बमोजिम हुनेछ ।

(३) उम्मेदवारको योग्यता देहाय बमोजिम हुनेछ ।

(क) नेपाली नागरिक भएको,

(ख) १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको हुनु पर्ने छ। महिला र अपाङ्गता भएका व्यक्तिको हकमा ४० बर्ष ननाघेको हुनुपर्नेछ ।तर निरन्तररुपमा यस गाउँपालिकामा काम गरीरहेका उम्मेद्वारको हकमा पहिलो पटक विज्ञापनका लागि उमेरको हद लागु हुने छैन ।

(ग) शैक्षीक योग्यताको हकमा सम्बन्धित पदको लागी लोक सेवा आयोगले निर्धारण गरे बमोजिम हुने,

(घ) नैतिक पतन देखिने गरी अदालतबाट कसुरदार नठहरिएको,

(ङ) भबिष्यमा सरकारी सेवाको निम्ति अयोग्य ठरिने गरी बर्खास्तमा नपरेको,

(४) परीक्षाको किसिममा प्रारम्भिक सुचीकरण, लिखित, अन्तवार्ता, र आबश्यक्ता अनुसार प्रयोगात्मक बिधिलाई अपनाउनुपर्ने छ।

(५) उपदफा (२) बमोजिम पर्न आएका आवेदनहरु देहायको आधारमा दफा ५ को समितिले म्याद समाप्त भएको मितिले सात दिन भित्रमा कुल माग पद संख्याको तिन गुणा र नभएमा उपलब्ध संख्याका उम्मेद्वारको प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन गर्नुपर्नेछ । तर सूचीको अन्त्यमा प्राप्ताङ्क बरावर भएमा बरावर प्राप्ताङ्क भएका सवै उम्मेद्वारहरुलाई प्रारम्भिक योग्यताक्रमको सूचीमा समावेश गर्नुपर्नेछ ।

क. प्रारम्भिक योग्यताक्रम निर्धारण गर्दा देहाय बमोजिमको मूल्याङ्कनको आधारमा गरिनेछ।

१. शैक्षिक योग्यता वापत -६० (साठी) अंक, (विशिष्ट श्रेणी वापत ६०, प्रथम श्रेणी वापत ५५, द्धितीय श्रेणी वापत ५०, तृतीय श्रेणी वापत ४५, (त्रिभुवन विश्वविद्यालयको अंक गणनाका आधारमा)।

२. विषयसँग सम्वन्धित तालिम लिएको भए प्रति १ महिना तालिम बराबर १ अङ्कका दरले बढीमा १० अङ्क प्रदान गर्न सकिनेछ ।

३. माथिल्लो तहको शैक्षिक योग्यता बापत १० अङ्क

(अ) सम्वन्धित विषयको एक तह माथिको शैक्षिक योग्यता बापत-५अङ्क

(आ) सम्वन्धित विषयको दुई तह माथिको शैक्षिक योग्यता बापत थप-५ अङ्क

४. कार्य अनुभव वापत -१० (दश) अंक (प्रति वर्ष २ अंकको दरले, कार्य अनुभवको विवरण संलग्न गर्नुपर्नेछ । साथै कार्यालयले माग गरेमा उम्मेद्वारले नियुक्ति, हाजिरी प्रमाणित र बैंक स्टेटमेन्ट समेत पेश गर्नु पर्नेछ ।

५. स्थानीय बासिन्दा लाई देहाय बमोजिम -१० (दश) अंक

(अ) सम्बन्धित गाउँपालिकाको बासिन्दा भएमा -१० अंक

(आ) सम्बन्धित जिल्लाको बासिन्दा भएमा -५ अंक

ख. उपदफा (५) को (क) बमोजिम अंक निर्धारण गर्दा क्युमुलेटिभ ग्रेड पोइन्ट एभरेज (सी.जी.पी.ए.) मा लब्धाङ्क हुनेहरुको हकमा सम्वन्धित विश्वविद्यालयहरुले निर्धारण गरेको प्रतिशतको आधारमा र सम्वन्धित विश्वबिध्यालहरुले प्रतिशत निर्धारण नगरेको भएमा

त्रिभुवन विश्वविद्यालयले (सी.जी.पी.ए.) का लागी निर्धारण गरिएको प्रतिशतका आधारमा गर्नुपर्नेछ ।

ग. उम्मेद्वारहरुले दरखास्त फारमसाथ पेश गरेका कागजात तथा प्रमणपत्र झुट्टा तथा नक्कली भएको पाइएमा छनैट प्रक्रियाबाट निष्कासन गर्ने र छनौट भइ करार सम्झौता भएको अवस्थामा समेत करार रद्द गरी कानून बमोजिम कारवाही गरिनेछ ।

घ. उपदफा (५) को (क) बमोजिमको प्रारम्भिक योग्यता सूची यस गाउँपालिकाको वेवसाइट र सूचना पार्टी दुवैमा प्रकाशन गर्नु पर्नेछ । प्रारम्भिक योग्यताक्रमको सूचीमा समावेश भएका उम्मेद्वारहरुलाइ सो को जानकारी इमेल, एस. एम. एस. वा टेलिफोन मार्फत गराउनु पर्नेछ ।

ङ. प्रारम्भिक योग्यता क्रम सूची सँगै लिखित परीक्षाको मिति समय र स्थान तोकी सूचना प्रकाशन गर्नुपर्नेछ ।

(६) प्रारम्भिक योग्यता क्रम सूचीमा परेका उम्मेद्वारहरुलाइ लिखित परीक्षामा समाबेश गरिनेछ। लिखित परीक्षाको लागि लोक सेवा आयोगले निर्धारण गरेको पाठयक्रमलाई आधार मान्नु पर्नेछ। साथै लिखित परीक्षा वस्तुगत बहुबैकल्पिक प्रकारको हुनेछ ।

(७) लिखित परीक्षा देहाय बमोजिम सञ्चालन गर्नुपर्नेछ ।

(क) कुल पूर्णाङ्कः१०० (एक सय) को हुनेछ ।

(ख) लिखित परीक्षाको अंकभार १०० हुनेछ भने न्युनतम अतिर्णाङ्क ५० हुनेछ ।

(ग) लिखित परीक्षाका लागी जम्मा प्रश्नहरु ५० हुनेछन् भने प्रति प्रश्नको अंकभार २ हुनेछ ।

(घ) अन्तरवार्तामा अधिकतम २० अङ्क । यस अनुसार अंक प्रदान गर्दा न्युनतम ८ (आठ) र अधिकतम १४ (चौध) को सीमाभित्र रही प्रदान गर्नुपर्नेछ ।

(८) उपदफा (१) बमोजिम आवेदन माग गर्दा प्राविधिक कार्य (इन्जिनियरिङ्ग, स्वास्थ्य तथा पशु चिकित्सा लगायतका अन्य क्षेत्र) का लागि आवश्यक पर्ने व्यवसायिक प्रमाणपत्र (लाईसेन्स) प्राप्त गरेका व्यक्तिले मात्र आवेदन दिन सक्नेछन् ।

(९) परीक्षाको माध्याम भाषा आवश्यकता अनुसार नेपाली वा अंग्रेजी वा नेपाली-अंग्रेजी दुवै हुनेछ ।"

*२. पहिलेको व्यवस्था :* दफा ५. अन्तर्वार्ता र सूचिकरण समितिः माग पद संख्याका आधारमा कार्यविधिको दफा (४) को उपदफा (३) बमोजिम उच्चतम अंक प्राप्त गरेका उम्मेदवारलाई प्रारम्भिक छनौट गर्न र अन्तर्वार्ता समेत लिई सूचिकरणको सिफारिस गर्न देहायको अन्तरवार्ता तथा सूचिकरण समिति रहनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) अध्यक्ष वा प्रमुखले तोकेको विषय विज्ञको रुपमा

सरकारी सेवाको अधिकृत स्तरको कर्मचारी - सदस्य

(ग) गाउँपालिका वा नगरपालिकाको विषयगत शाखा प्रमुख - सदस्य

**<u>संशोधित व्यवस्था :</u>** "**५.अन्तरवार्ता र परीक्षा समितिः**

१. माग पद संख्याका आधारमा कार्यविधिको दफा (४) को उपदफा (३) बमोजिम उच्चतम अंक प्राप्त गरेका उम्मेदवारलाई प्रारम्भिक छनौट गर्न र अन्तरवार्ता समेत लिई सूचिकरणको सिफारिस गर्न देहायको अन्तरवार्ता तथा परीक्षा समिति रहनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको विषय विज्ञ - सदस्य

(घ) प्रशासन शाखा प्रमुख - सदस्य सचिव

२. समितीको प्रशासनिक काम कारबाही सहयोग पुर्याउनका लागी आबश्यकता अनुसार थप जनशक्ती खटाउन सकिने छ ।

३. उपदफा (१) बमोजिम समितीको आवश्यकता अनुसार दक्ष वा बिशेषज्ञ जनशक्ती मध्येबाट कम्तीमा दुई जनालाई आमन्त्रित गर्न सक्नेछ ।" भन्ने व्यवस्था गरिएको छ ।

**<u>३. पहिलेको व्यवस्था</u>** दफा "६.सूचिकरणको विवरण प्रकाशन गर्ने : (१) दफा ४ बमोजिम सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरु दफा ५ बमोजिमको समितिको सिफारिसको आधारमा कार्यालयले उम्मेदवारहरुको रोल नम्बर, नाम थर, ठेगाना, काम गर्न तोकिएको शाखा आदि समेत उल्लेख गरी योग्यताक्रम अनुसार सूचिकरणको विवरण प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचिकरण प्रकाशन गर्दा पद संख्या भन्दा दोव्बर संख्यामा वैकल्पिक उम्मेदवारको सूची समेत प्रकाशन गर्नुपर्नेछ र सिफारिश भएका उम्मेदवारहरुको सूची सूचना पाटीमा समेत टाँस गर्नुपर्नेछ ।

तर आवेदन नै कम परेको अवस्थामा कम उम्मेदवार सुचिकरण गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमका योग्यताक्रममा रहेका उम्मेदवारलाई छिटो सञ्चार माध्यमबाट जानकारी गराई सोको अभिलेख समेत राख्नुपर्नेछ ।

**<u>सशोधित व्यवस्था :</u>** "६.अन्तिम सूचिकरणको बिवरण प्रकाशन गर्ने : (१) दफा ४ बमोजिम लिखित परीक्षामा सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरु दफा ५ बमोजिमको समितिको सिफारिसको आधारमा कार्यालयले उम्मेदवारहरुको रोल नम्बर, नाम थर, ठेगाना, काम गर्न तोकिएको शाखा आदि समेत उल्लेख गरी योग्यताक्रम अनुसार सूचिकरणको विवरण प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचिकरण प्रकाशन गर्दा पद संख्या भन्दा दोव्बर संख्यामा वैकल्पिक उम्मेदवारको सूची समेत प्रकाशन गर्नुपर्नेछ र सिफारिश भएका उम्मेदवारहरुको सूची सूचना पाटीमा समेत टाँस गर्नुपर्नेछ ।

तर आवेदन नै कम परेको अवस्थामा कम उम्मेदवार सूचिकरण गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमका योग्यताक्रममा रहेका उम्मेदवारलाई छिटो सञ्चार माध्यमबाट जानकारी गराई सोको अभिलेख समेत राख्नुपर्नेछ ।"

आज्ञाले

नामः पारस बहादुर शाही

पदः नि.प्रमुख प्रशासकीय अधिकृत